# पत्रकारसँग कुरा गर्दा : तपाईं ध्यान दिनुपर्ने कुराहरू

रिपोर्टरले सूचना, समाचार र कथाहरू संसारभर आदानप्रदान गर्न मद्दत गर्छन् । **तपाईंले रिपोर्टरसँग कुरा गर्ने वा नगर्ने भन्नेबारे निर्णय गर्न सक्नुहुन्छ** । तपाईंले रिपोर्टरसँग उहाँको स्टोरीका लागि कुरा गर्नु अगाडि उहाँ किन कुरा गर्न चाहनुहुन्छ र सूचना कसरी प्रयोग गरिनेछ भन्नेबारे सोध्न सक्नुहुन्छ ।

रिपोर्टरले तपाईंलाई अन्तर्वार्ताका लागि सम्पर्क गर्दा निम्न कुराबारे जानकारी गराउन जरुरी छ :

- ☑ आफू कार्यरत समाचार मध्यमका बारेमा जानकारी
- ☑ आफू काम गरिरहेको समाचारको बारेमा जानकारी
- ☑ तपाईंले गरेको कुनै पनि प्रश्नहरूको जवाफ दिनुपर्छ
- ☑ तपाईं कुरा गर्न चाहनुहुन्छ कि हुँदैन भनी सोध्नुपर्छ

यदि तपाईं रिपोर्टरसँग कुरा गर्ने निर्णय गर्नुहुन्छ भने, **तपाईंले आफ्नो नाम र पहिचान हुने अन्य जानकारी समाचार सामग्रीमा कति उल्लेख गर्ने भनेर निर्णय गर्न सक्नुहुन्छ** । यसबारे राम्ररी सोच्नुहोस् ।

PUBLIC SOURCE .ORG

DEFINE AMERICAN

# तपाईंले आफ्नो अन्तर्वार्ताअघि रिपोर्टरलाई निम्न कुराहरुबारे सोध्न सक्नुहुन्छ–

- **“अन द रेकर्ड,”** अर्थात् तपाईंको नाम र तपाईंले भनेका कुराहरु समाचारमा उद्धृत गरिनेछ
- वा **“एनोनिमस”** अर्थात् अज्ञात” भन्नाले तपाईंलाई उद्धृत गर्न सकिन्छ तर तपाईंको नाम वा पहिचान खुलाइने छैन
- वा **“पृष्ठभूमिमा,”** अर्थात् समाचारमा सूचना वा जानकारी समावेश हुन सक्छ, तर यसलाई उद्धृत गरिने छैन, र तपाईंको नाम राखिने छैन
- वा **“अफ द रेकर्ड,”** अर्थात् समाचारमा सूचना वा जानकारी हुने छैन र तपांईंको नाम पनि राखिने छैन

**रिपोर्टरले तपाईंको निर्णयलाई सम्मान गर्नुपर्छ र सूचनाहरु लेख्ने वा रेकर्ड गर्नुपर्छ ।**

तपाईंले रिपोर्टरसँगको कुराकानी अडियो वा भिडियोमा रेकर्ड गर्न दिने कि नदिने भन्ने निर्णय गर्न सक्नुहुन्छ । साथै, तपाईंको फोटो खिच्न वा भिडियो बनाउन दिने नदिने निर्णय पनि तपाईंले गर्न सक्नुहुन्छ । नोट: रिपोर्टरले तपाईंसँग लिएको सूचना वा जानकारी प्रयोग नगर्ने निर्णय पनि गर्न सक्छन् । आफूले रिपोर्टरसँग के कुराकानी गरे भन्नेबारे स्पष्ट हुनका लागि तपाईंले रिपोर्टरसँग गरेको कुराकानी आफैं पनि रेकर्ड गर्न सक्नुहुन्छ । कुनै पनि प्रश्न, आपत्ति वा रिजर्भेसन वा तपाईंको अवस्थामा भएको कुनै पनि परिवर्तनहरूका बारेमा रिपोर्टरलाई जानकारी गराउनका लागि उनीहरूको फोन नम्बर र इमेल लिनुहोस् ।